जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ५ २०८३ साल साउन ६ गते बुधबार (22 July 2026 Wednesday) मूल्य रु. ५/-

बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : विदेशी बिरामी मार्फत् एक अर्ब.. ३ पृष्ठमा : आत्मनिर्भर अर्थतन्त्रको ... ३ पृष्ठमा :भारतमा शिक्षामन्त्रीविरुद्ध ...

# सरकारले शिक्षा र स्वास्थ्य समता शुल्क हटायो

**दैनिक समाचारदाता**
**राजविराज, ५ साउन ।**

सरकारले शिक्षा र स्वास्थ्य समता शुल्क हटाएको छ । चौतर्फी विरोध र आलोचनापछि सरकारले उक्त शुल्क हटाउन बाध्य भएको हो ।

सरकारले मंगलबार शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क हालका लागि लागू नगर्ने निर्णय गरेको हो ।

सरकारले आर्थिक विधेयक २०८३ मार्फत निजी स्वास्थ्य संस्थामा ३ प्रतिशत 'स्वास्थ्य समता शुल्क' लगाउने व्यवस्था गरेको थियो। यसअनुसार निजी अस्पतालमा उपचार गराउने बिरामीले सेवा शुल्कबापत थप ३ प्रतिशतसम्म शुल्क तिर्नुपर्ने अवस्था बनेको थियो ।





नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ को दफा १७ मा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायकले बिरामीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा अनुसूची–८ बमोजिम स्वास्थ्य समता शुल्क लगाई असुलउपर गरिने उल्लेख थियो । उक्त शुल्क गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार तथा स्वास्थ्यसम्बन्धी पूर्वाधार निर्माणमा खर्च गरिने व्यवस्था पनि गरिएको थियो ।

प्रधानमन्त्री बालेन शाहले फेसबुकमार्फत उक्त निर्णय सार्वजनिक गर्दै निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता शुल्क तत्काल कार्यान्वयन गर्दा आमनागरिकमाथि थप आर्थिक भार पर्ने र निराशा बढ्ने देखिएकाले अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि यस्तो निर्णय गरिएको उल्लेख गरेका छन् ।

यो निर्णयसँगै निजी अस्पताल, ल्याब, नर्सिङ होम, पोलिक्लिनिक तथा निजी मेडिकल कलेजका सेवाग्राहीले ३ प्रतिशत स्वास्थ्य समता शुल्क तिर्नुपर्ने छैन । त्यसैगरी निजी विद्यालयले पनि अभिभावकबाट थप ३ प्रतिशत शिक्षा समता शुल्क लिन पाउने छैनन् ।

# सामाजिक सुरक्षा कोषमा ३० लाख बढी योगदानकर्ता आबद्ध

काठमाडौं, ५ साउन (रासस) ।

सामाजिक सुरक्षा कोषमा कूल रु एक खर्ब १६ अर्ब ७१ करोड ८९ लाख ५० हजार ५२५ बराबरको योगदान रकम जम्मा भएको छ ।

आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म उक्त योगदान रकम जम्मा भएको हो । सूचीकृत रोजगारदाता र सूचीकृत योगदानकर्ताले उक्त रकम जम्मा गरेका हुन् ।

कोषका अनुसार सूचीकृत रोजगारदाताको सङ्ख्या २३ हजार ४९० पुगेको छ भने सूचीकृत योगदानकर्ताको सङ्ख्या ३० लाख ४३ हजार २०० पुगेको छ । कोषले रु २१ अर्ब २७ करोड एक लाख २० हजार २५२ बराबर दाबी भुक्तानी गरेको छ ।

यस्तै, औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबीतर्फ रु तीन अर्ब ५२ करोड पाँच लाख ४७ हजार ४६२ उपलब्ध गराएको छ ।

दुर्घटना तथा अशक्तता सुरक्षा दाबीतर्फ रु ३० करोड ४६ लाख छ हजार ५१४, आश्रित परिवार सुरक्षा दाबीतर्फ रु ३८ करोड चार लाख २५ हजार २१६ र अवकाश दाबीतर्फ रु १७ अर्ब छ करोड ४५ लाख ४१ हजार ६१ बराबर रकम उपलब्ध गराएको छ । पछिल्लो पटक वैदेशिक रोजगारीमा जाने श्रमिकलाई समेत कोषमा समेटिएपछि योगदान रकम वृद्धि भएको छ ।

पेन्सन, औषधि उपचार तथा अन्य सामाजिक सुरक्षाका कार्यक्रमसमेत अगाडि बढाइएकाले कोषप्रति आम मानिसको चासो बढ्दै गएको पाइएको छ । कोषले विभिन्न उत्पादनमूलक क्षेत्रमा लगानी सुरु गरेको छ । यसबाट बहुआयामिक लाभ हासिल हुने विश्वास लिइएको छ ।

# तेह्र स्थानीय तहले ल्याएनन् चालु आवको बजेट

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ साउन ।**

तेह्र स्थानीय तहले हालसम्म चालु आर्थिक वर्षको बजेट सार्वजनिक गर्न नसकेको पाइएको छ । कूल ७५३ स्थानीय तहमध्ये ७४० ले बजेट सार्वजनिक गरी कार्यान्वयनको प्रक्रिया सुरु गरिसकेका छन् ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरणका आधारमा मधेश प्रदेशका १० स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गर्न सकेका छैनन् ।

सिराहाको सुखीपुर नगरपालिका, औरही गाउँपालिका, धनुषाको कमला नगरपालिका, रौतहटको गरुडा नगरपालिका, कटहरीया नगरपालिका, फतुवा विजयपुर नगरपालिका, मौलापुर नगरपालिका र यमुनामाई गाउँपालिकाले चालु आवको बजेट प्रस्तुत गरेका छैनन् । पर्साको छिपहरमाई गाउँपालिका र पकाहा मैनपुर गाउँपालिकाले विभिन्न कारणले बजेट सार्वजनिक गर्न सकेका छैनन् ।

कोशी प्रदेशको धरान उपमहानगरपालिका, लुम्बिनी प्रदेशको रुपन्देही कोटहीमाई गाउँपालिका, कपलिवस्तुको शुद्धोधन गाउँपालिकाले बजेट ल्याएका छैनन् ।

कोशी प्रदेशमा १३७ स्थानीय तहमध्ये १३६ स्थानीय तहले बजेट ल्याएका छन् । वाग्मती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहले गत असार भित्रै बजेट सार्वजनिक गरी कार्यान्वयनको प्रक्रिया सुरु गरिसकेका छन् ।

संविधानअनुसार हरेक वर्षको जेठ १५ गते सङ्घीय सरकारको, असार १ गते प्रदेश सरकार र असार महिनाभर स्थानीय तहको बजेट सार्वजनिक हुने गरेको छ ।

स्थानीय तहमा उत्पन्न राजनीतिक विवाद, प्राविधिक समस्यालगायत कारणले ती स्थानीय तहले बजेट सार्वजनिक गर्न नसकेको बताइएको छ ।

# बिरोध भएपछी हर्क साम्पाङ जानकी मन्दिर जाने कार्यक्रम रद्द

**दैनिक समाचारदाता**
**जनकपुर, ५ साउन ।**

हिन्दु सम्राट सेनाले श्रम संस्कृति पार्टीका कार्यकर्तालाई जानकी मन्दिरबाट लखेटेपछि सो पार्टीका अध्यक्ष हर्क साम्पाङले जानकी मन्दिर जाने पूर्वनिर्धारित कार्यक्रम रद्द गरेका छन् ।

विवाद उत्पन्न भएपछि हर्क साम्पाङ जानकी मन्दिर जाने कार्यक्रम स्थगित गर्दै सोभै जनकपुरस्थित होटल क्राउन प्लाजामा पुगे ।

त्यहाँ आयोजित श्रम, संस्कृति पार्टीको मधेस प्रदेश समितिको साधारणसभा तथा पार्टी प्रवेश कार्यक्रममा उनी सहभागी भएका छन् ।

यसअघि उनको स्वागतका लागि पुगेका श्रम संस्कृति पार्टीका कार्यकर्तालाई हिन्दु सम्राट सेनाका कार्यकर्ताले जानकी मन्दिर परिसरबाट लखेटेका थिए ।

साम्पाङ आउने थाहा भएपछि भेला भएका हिन्दु सम्राट सेनाका कार्यकर्ताले मन्दिर परिसरबाट श्रम संस्कृति पार्टीका कार्यकर्तालाई लखेटेका हुन् । सो क्रममा मन्दिर परिसरमा भागदौड समेत मच्चिएको थियो ।

पार्टी कार्यक्रममा सहभागी हुन साम्पाङ मंगलबार दिउँसो जनकपुर आउने र जानकी मन्दिर दर्शन गर्ने कार्यक्रम थियो ।

हिन्दु सम्राट सेनाका युवाहरूले श्रम संस्कृति पार्टी अध्यक्ष हर्क साम्पाङबाट बारम्बार धार्मिक अतिवाद फैलाउने अभिव्यक्ति आएको कारण उनको विरोध गरिएको जनाएको छ ।

# स्थानीय तहका कर्मचारीलाई कार्यालयमा अनिवार्य रहन निर्देशन

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ साउन ।**

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न भागमा अविरल वर्षा, बाढीपहिरोलगायत विपद्‌जन्य घटनाको जोखिम बढ्दै गएपछि जिल्ला समन्वय समिति र स्थानीय तहका कर्मचारीलाई कार्यालयमा अनिवार्य रूपमा उपस्थित रहन निर्देशन दिएको छ ।

मन्त्रालयको पत्रअनुसार विपद्‌को अवधिभर कर्मचारीहरूले कार्यालय नछोडी समन्वय, सहजीकरण र निर्णय प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने उल्लेख छ । हाल बिदामा रहेका कर्मचारीलाई समेत बिदा छोट्याइ सम्बन्धित कार्यालयमा उपस्थित भई आफ्नो जिम्मेवारी पूरा गर्न मन्त्रालयले निर्देशन दिएको हो ।

मन्त्रालयले विपद्‌सम्बन्धी सूचना सङ्कलन, उद्धार तथा राहत कार्य, क्षतिको विवरण र अन्य आवश्यक सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, प्रदेश तथा सङ्घीय निकायसँग निरन्तर सम्पर्क र समन्वय गर्न स्थानीय तहलाई आग्रह गरेको छ ।

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विदेशी बिरामी मार्फत् एक अर्ब ५० करोडभन्दा बढी विदेशी मुद्रा भित्र्याउँदै नेपाल नेत्रज्योति संघ, 'स्वास्थ्य पर्यटन' मा नयाँ सम्भावना

**सिए देवराज पन्त**

काठमाडौँ, ५ साउन (रासस)। नेपाल विश्वमा सर्वोच्च शिखर सगरमाथा सहित हिमाल, भगवान् गौतमबुद्धको जन्मस्थल, अद्वितीय र अनुकरणीय प्राकृतिक सौन्दर्य, संस्कृति, पर्यटन र पदमार्गको अनुपम गन्तव्य देशका रूपमा परिचित हुँदै आएको छ। तीन 'ज' अर्थात् (जमिन, जङ्गल, जलस्रोत) सहित विशेष गरेर पर्यटन र कृषिलाई नेपालको आर्थिक प्रचुर सम्भावनाका क्षेत्रका रूपमा लिइन्छ।

पछिल्ला वर्षहरूमा नेपालले विशेष गरेर आँखा स्वास्थ्य सेवा क्षेत्रमा फड्को मार्न थालेको छ। यसले नयाँ सम्भावनाको ढोका खोल्दै गएको छ। आँखा स्वास्थ्य सेवाका क्षेत्रमा नेपालले हासिल गरेको प्रगति र अन्तरराष्ट्रिय विश्वासले देशलाई गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवाको आकर्षक गन्तव्य ( हब) का रूपमा स्थापित गर्ने आधारशिलाहरू तयार गरेको छ।

आधारशिलाको एउटा अनुपम उदाहरण नेपाल नेत्रज्योति सङ्घअन्तर्गत सञ्चालित आँखा अस्पतालहरूले विदेशी नागरिकलाई प्रदान गरिरहेको आँखा स्वास्थ्य उपचार सेवा हो। हाल सङ्घको सञ्जालभित्र २८ आँखा अस्पताल र २२६ आँखा उपचार केन्द्र आबद्ध छन्।

सङ्घअन्तर्गत सञ्चालित ती आँखा अस्पताल तथा उपचार केन्द्रहरूले आर्थिक वर्ष २०८२/८३ मा मात्र भारत लगायतका विदेशी बिरामीलाई सेवा प्रदान गरी रु एक अर्ब ५० करोडभन्दा बढी विदेशी मुद्रा नेपाल भित्रयाएका छन्। 'गुणस्तरीय सेवा' वापत यो मुद्रा भित्रयाउन् प्रचुर संभावनाको ढोका खोल्नु हो ।

उपचारका लागि आउने विदेशी बिरामीमध्ये बढी भारतबाट आउने गरेको छ भने बङ्गलादेश, भुटानलगायत अन्य मुलुकका नागरिकले पनि नेपालका आँखा अस्पतालबाट सेवा लिइरहेका छन्। यो रकमलाई अस्पतालहरूको आयको तथ्याङ्कका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। यसले नेपालको स्वास्थ्य सेवाप्रति विदेशी नागरिकको बढ्दो विश्वास, नेपाली चिकित्सक तथा स्वास्थ्यकर्मीको दक्षता र यहाँ उपलब्ध नेत्र उपचार सेवाको गुणस्तरलाई समेत प्रतिविम्बित गर्छ। साथै, स्वास्थ्य सेवा पनि नेपालका लागि विदेशी मुद्रा आर्जन गर्ने महत्वपूर्ण क्षेत्र बन्न सक्ने सम्भावनालाई यसले स्पष्ट पारेको छ। सो आवमा नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कूल पाँच करोड दुई लाख ४८९ आँखाका बिरामीलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५६ लाख ५९ हजार ६२४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ।

**गुणस्तरीय सेवाले निर्माण गरेको अटुट विश्वास**

बिरामीका आफन्तले उपचारका लागि बिरामीलाई अर्को देश लैजानु भनेको सामान्य कुरा होइन। उपचारको गुणस्तर, चिकित्सकप्रतिको विश्वास, लागत, पहुँच, सेवा प्राप्त गर्ने अवधि, विगतका बिरामीको अनुभव र आर्थिक लगायतका पक्षहरूले यस्तो निर्णयमा अहं भूमिका खेल्छ।

नेपालमा उपलब्ध अनुभवी नेत्र विशेषज्ञ, आधुनिक प्रविधि तथा उपकरण, शल्यक्रियाको राम्रो नतिजा, बिरामीमैत्री सेवा, तुलनात्मक रूपमा छोटो प्रतिक्षा अवधि र सर्वसुलभ उपचार खर्चका कारण सीमावर्ती क्षेत्रसहित विभिन्न देशका आँखाका बिरामी नेपाली आँखा अस्पताललतर्फ आकर्षित भइरहेका छन्।

नेपाल नेत्रज्योति सङ्घले स्थापना कालदेखि नै 'सबैका लागि गुणस्तरीय आँखा स्वास्थ्य सेवा' उपलब्ध गराउने उद्देश्यका साथ मानवीय सेवा विस्तार गर्दै आएको छ। अस्पतालमा उपचार गराएर फर्किएका बिरामीको सन्तुष्टि र उनीहरूले आफ्ना परिवार तथा समुदायमा बाँड्ने सकारात्मक अनुभवले पनि नयाँ बिरामीलाई नेपालमा उपचारका लागि आकर्षित गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

स्वास्थ्य सेवामा विश्वास महङ्गा विज्ञापनले मात्र निर्माण हुँदैन। वर्षौंको सेवा, उपचारको नतिजा, दक्ष जनशक्ति र बिरामीले पाएको अनुभवबाट त्यो विश्वास क्रमशः निर्माण हुन्छ। नेपाली आँखा उपचार सेवाले अन्तरराष्ट्रिय बिरामीमाझ बनाएको विश्वास पनि यही निरन्तरताको परिणाम हो।

**स्वास्थ्य पर्यटनः स्वास्थ्य र अर्थतन्त्रलाई जोड्ने महत्वपूर्ण कडी**

विश्वभर 'मेडिकल टुरिज्म' अर्थात् स्वास्थ्य पर्यटन उपचारका लागि एक देशबाट अर्को देश जाने प्रवृत्ति बढ्दो छ। विकसित तथा कतिपय छिमेकी मुलुकमा उपचार खर्च महँगो हुनु, लामो प्रतीक्षा अवधि तथा निश्चित विशेषज्ञ सेवा सहज रूपमा उपलब्ध नहुनुका कारण बिरामीहरू गुणस्तरीय र तुलनात्मक रूपमा सुलभ उपचार उपलब्ध हुने देशतर्फ जाने एवं आकर्षित हुने गरेका छन्।

नेपालले यही अवसरलाई योजनाबद्ध रूपमा उपयोग गर्न सक्नु पर्छ र यसको सम्भावना पनि छ। विदेशी बिरामीले नेपालमा आएर अस्पतालमा उपचार शुल्क मात्र तिर्दैनन्, उनीहरू र उनीहरूसँग आउने परिवारका सदस्य वा सहयोगीले होटल, यातायात, खाना, औषधि, स्थानीय बजार तथा अन्य सेवामा पनि खर्च गर्छन्। कतिपयले उपचारसँगै नेपालका पर्यटकीय स्थल तथा धार्मिक गन्तव्यको भ्रमणसमेत गर्न सक्छन्।

त्यसैले एउटा विदेशी बिरामीबाट हुने आर्थिक योगदान अस्पतालको बिलमा मात्र सीमित हुँदैन। यसको लाभ होटल तथा पर्यटन व्यवसायदेखि यातायात, औषधि, स्थानीय व्यापार र रोजगारीसम्म फैलिन्छ। यस अर्थमा 'मेडिकल टुरिज्म' स्वास्थ्य र अर्थतन्त्रलाई जोड्ने महत्वपूर्ण क्षेत्र बन्न सक्छ।

सन् २०२५ मा मात्र सङ्घको सञ्जालमार्फत नौ लाख ११ हजार ९८० जना अन्य देशका नागरिकहरूको आँखा परीक्षण गरी एक लाख ५३ हजार ८६ जना बिरामीको शल्यक्रिया गरिएको छ।

नेपाल सरकारको नीति तथा निर्देशनअनुरूप नेपाल नेत्रज्योति सङ्घले देशभर प्रवाह गर्दै आएको आँखा उपचार सेवा विश्वकै लागि एक अनुकरणीय उदाहरणका रूपमा स्थापित भएको छ। एक गैरसरकारी एवं गैरनाफामूलक सामाजिक संस्थाले आफ्ना सञ्जालमार्फत धेरै सङ्ख्यामा नागरिकलाई गुणस्तरीय आँखा उपचार सेवा उपलब्ध गराएको उदाहरण विश्वमै विरलै पाइन्छ।

सङ्घअन्तर्गतका संस्थाहरूले एक आवमै विदेशी बिरामीबाट रु एक अर्ब ५० करोडभन्दा बढी विदेशी मुद्रा आर्जन गर्नुले यस सम्भावनालाई अझ स्पष्ट बनाएको छ। स्पष्ट नीति, अब्बल पूर्वाधार सहित चिकित्सकीय सेवा र अन्तरराष्ट्रिय प्रवर्द्धन गर्न सकिए स्वास्थ्य सेवा निर्यात नेपालको विदेशी मुद्रा आर्जनको महत्वपूर्ण स्रोत बन्न सक्छ।

**नेपालले अन्धोपन न्यूनीकरणमा बनाएको आफ्नै 'मोडेल' विश्वका लागि सिकाइ**

सङ्घको स्थापना विसं २०३५ (सन् १९७८) मा नेपालबाट रोकथाम तथा उपचार गर्न सकिने अन्धोपन न्यूनीकरण गर्ने उद्देश्यले भएको हो। तत्कालीन परिस्थितिमा देशमा आधुनिक तथा विशेषज्ञ आँखा स्वास्थ्य सेवाको पहुँच अत्यन्त सीमितता थियो। यस्ता सेवा सुगम केन्द्रित थिए।

त्यसयता नेपालले आँखा स्वास्थ्य क्षेत्रमा लामो यात्रा तय गरेको छ। अस्पताल र आँखा उपचार केन्द्रको विस्तारसँगै समुदायमा आधारित आँखा स्वास्थ्य कार्यक्रम, विद्यालयमा दृष्टि परीक्षण, मोतियाविन्दुको शल्यक्रिया, रेटिना तथा ग्लुकोमा सेवा, कर्नियासम्बन्धी उपचार, बाल आँखा स्वास्थ्य सेवा तथा विभिन्न विशेषज्ञ सेवाहरू विस्तार भएका छन्।

यस यात्राको महत्वपूर्ण पक्ष भनेको सेवा ठूला सहर र सुगममा मात्र केन्द्रित नराखी समुदाय र दुर्गम क्षेत्रसम्म पुऱ्याउने प्रयास हो। अस्पतालमा आउन नसक्ने नागरिकको घरघर, पायक पर्ने स्थानसम्म पुगेर आँखा परीक्षण गर्ने, आवश्यक बिरामीलाई उपचार तथा शल्यक्रियाका लागि 'रेफर' गर्ने, स्थानीय तहसम्म आँखा स्वास्थ्य सेवा विस्तार गर्ने र सबैका पहुँचमा आँखा स्वास्थ्य सेवा पुऱ्याउने 'मोडेल'ले नेपालमा अन्धोपन न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

सन् १९८१ मा ०.८४ प्रतिशत रहेको अन्धोपनको दर उल्लेखनीय रूपमा घटेर करिब ०.२८ प्रतिशतमा आएको छ। अब नेपाल सरकारले नेपाल नेत्रज्योति सङ्घ तथा अन्य साझेदार संस्थासँगका सहकार्यमा राष्ट्रिय स्वास्थ्य रणनीतिअनुसार सन् २०३० सम्म यसलाई ०.२० प्रतिशतमा झार्ने लक्ष्य लिएको छ।

यो लक्ष्य स्वास्थ्य क्षेत्रको सूचकमा आउने सुधार मात्र होइन। दृष्टि जोगिनु वा पुनः प्राप्त हुनु व्यक्तिको शिक्षा, रोजगारी, आयआर्जन, आत्मनिर्भरता र समग्र जीवनस्तरसँग प्रत्यक्ष जोडिएको विषय हो। एउटा व्यक्तिको दृष्टि फर्किँदा त्यसको सकारात्मक प्रभाव उसको परिवार र समुदायसम्म पुग्छ। अन्धकार अन्त्य हुँदा यसको समग्र प्रभाव देशको सामाजिक उन्नतिमा पर्दछ।

**'स्वास्थ्य सेवा निर्यात' मा नेपालले नेतृत्व लिन सक्छ**

विश्वका धेरै मुलुकले स्वास्थ्य पर्यटनलाई आफ्नो राष्ट्रिय आर्थिक रणनीतिको हिस्सा बनाइसकेका छन्। नेपालसँग पनि यस क्षेत्रमा प्रतिस्पर्धा गर्नसक्ने केही बलिया आधार छन्–दक्ष चिकित्सकीय जनशक्ति, गुणस्तरीय उपचार सेवा, सफल उपचार परिणाम, तुलनात्मक रूपमा सस्तो लागत र लामो समयदेखि निर्माण भएको अन्तरराष्ट्रिय विश्वास।

यी आधारबाट बनेको विश्वासले नै गत असारको अन्तिम साता नेपाली राजदूतावास(कम्बोडिया समेत)को समन्वयमा सङ्घले कम्बोडियाको कम्पोङचाम प्रान्तमा दुईदिने निःशुल्क आँखा उपचार शिविर सञ्चालन गऱ्यो। एक हजार दुईसय कम्बोडियाली नागरिकले आँखा परीक्षण तथा उपचार सेवा लिएका थिए। बाह्य देशमा आँखा स्वास्थ्य सेवा प्रदान गर्न नेपाली नेत्र विशेषज्ञ अब्बल छन् भन्ने कुरा यसबाट पुष्टि भएको छ।

विशेषगरी आँखा उपचारका क्षेत्रमा नेपालले दक्षिण एसियाकै उत्कृष्ट सेवा केन्द्रका रूपमा आफूलाई थप विकास गर्ने सम्भावना बोकेको छ र बलियो पनि छ। यसका लागि स्वास्थ्य सेवा र पर्यटनलाई छुट्टाछुट्टै क्षेत्रका रूपमा मात्र नभई एकअर्कासँग जोडिएको सम्भावनाका रूपमा हेर्न आवश्यक छ।

सरकारले 'पर्यटन स्वास्थ्य'सम्बन्धी स्पष्ट नीति निर्माण गर्ने, अन्तरराष्ट्रियस्तरको गुणस्तर सुनिश्चित गर्ने, स्वास्थ्य संस्थाको पूर्वाधार तथा प्रविधिमा लगानी बढाउने, विदेशी बिरामीका लागि सहज आवागमन र उपचार प्रक्रिया विकास गर्ने तथा अन्तरराष्ट्रिय बजारमा नेपालको स्वास्थ्य सेवाको प्रभावकारी प्रवर्द्धन गर्ने हो भने यसको लाभ राष्ट्रिय अर्थतन्त्रसम्म पुग्न सक्छ। ( लेखक नेपाल नेत्रज्योति सङ्घको प्रमुख वित्तीय अधिकृत हुनुहुन्छ )


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक


# बिजक लिने उपभोक्तालाई उपहारः अर्थ मन्त्रालयले ल्यायो 'करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि'

काठमाडौँ, ५ साउन (रासस)। वस्तु तथा सेवा खरिद गर्दा उपभोक्ताले अनिवार्य रूपमा बिजक लिने संस्कृतिको विकास, कर अनुपालन अभिवृद्धि तथा वास्तविक कारोबार अभिलेखीकरणलाई प्रोत्साहन गर्ने उद्देश्यले सरकारले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३' जारी गरेको छ।

अर्थ मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गर्दै कार्यविधि स्वीकृत गरेको हो। उक्त कार्यविधि लागू भइसकेको अर्थ मन्त्रालयले जनाएको छ।

कार्यविधिअनुसार स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको अधीनमा रही आन्तरिक राजस्व विभागले करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन गर्नेछ। विभागले आवश्यक परे कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि कार्यक्रम आयोजक (इभेन्ट अर्गनाइजर) समेत छनोट गर्न सक्ने व्यवस्था गरिएको छ।

सरकारले यो कार्यक्रम मार्फत उपभोक्तालाई खरिद गर्दा अनिवार्य रूपमा बिजक लिन उत्प्रेरित गर्ने, विद्युतीय भुक्तानीलाई प्रोत्साहन गर्ने तथा कर छली न्यूनीकरण गर्दै पारदर्शी कारोवार प्रणालीलाई सुदृढ बनाउने लक्ष्य लिएको छ।

कार्यविधिअनुसार नेपालभित्र व्यक्तिगत प्रयोजनका लागि एक पटकमा रु एक सयभन्दा बढी मूल्यका वस्तु वा सेवा खरिद गर्ने उपभोक्ता कार्यक्रममा सहभागी हुन योग्य हुनेछन्। प्रत्येक खरिदको बिजक वा विद्युतीय भुक्तानीबाट गरिएको योग्य कारोबारका आधारमा प्रणालीबाट एकवटा उपहार टिकट उपलब्ध गराइनेछ। प्रणालीमा प्रविष्ट गरिएको प्रत्येक बिजक एक पटकका लागि मात्र कार्यक्रममा सहभागी हुन पाउने व्यवस्था गरिएको छ।

हरेक महिनाको पहिलो दिनदेखि मसान्तसम्म विद्युतीय भुक्तानीबाट भएको खरिद तथा प्रणालीमा प्रविष्ट गरिएको बिजक सोही महिनाको उपहार

*बाँकी तीन पृष्ठमा*

# आत्मनिर्भर अर्थतन्त्रको आधार र घरेलु तथा साना उद्योगको विकास

**शोभा गुरुङ**

काठमाडौं, ५ साउन (रासस)।

नेपालको आर्थिक विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि घरेलु तथा साना उद्योगको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। सीमित पुँजी, स्थानीय स्रोत-साधन, परम्परागत सीप र श्रमको उपयोग गरी सञ्चालन हुने यस्ता उद्योगले रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, ग्रामीण अर्थतन्त्रको सुदृढीकरण तथा विदेशी मुद्रा आर्जनमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका छन्। ठूला उद्योगको तुलनामा कम लगानीमा बढी रोजगारी सिर्जना गर्ने क्षमता भएकाले विकासोन्मुख मुलुकका लागि घरेलु तथा साना उद्योग आर्थिक विकासको बलियो आधार मानिन्छन्। तर नेपालमा यस क्षेत्रले पर्याप्त सम्भावना हुँदाहुँदै पनि नीतिगत अस्थिरता, वित्तीय पहुँचको अभाव, प्रविधिगत कमजोरी, बजार प्रतिस्पर्धा र प्रशासनिक जटिलताजस्ता समस्याका कारण अपेक्षित गति लिनसकेको छैन।

नेपालमा घरेलु तथा साना उद्योगको इतिहास निकै पुरानो छ। ढाका, हस्तकला, अल्लो, बाँस तथा निगालोका सामग्री, काठ तथा धातुकला, जडीबुटी प्रशोधन, दुग्धजन्य पदार्थ, खाद्य प्रशोधन, माटाका भाँडाकुँडा, प्रस्तरकला तथा अन्य परम्परागत उद्योगहरूले नेपाली समाजको आर्थिक तथा सांस्कृतिक जीवनमा महत्वपूर्ण योगदान दिएका छन्। पछिल्लो समय कृषि प्रशोधन, सूचना प्रविधि, ब्यूटीपार्लर, महिला उद्यमशीलता र घरेलु उत्पादनमा आधारित साना उद्योगहरूको विस्तार पनि हुँदै गएको छ। यी उद्योगहरू झण्डै ३० प्रतिशत उद्योग महिला नेतृत्वमा सञ्चालित छन्। महिला सशक्तीकरणको मुख्य क्षेत्र भनेकै घरेलु तथा साना उद्योगको प्रवर्द्धन हुन सक्दछ। नेपालमा करिब सात लाख उद्योग सञ्चालनमा रहेका र तिनले करिब ३० लाख व्यक्तिलाई रोजगारी उपलब्ध गराएको अनुमान छ। हस्तकला उद्योगमा मात्र १० लाखभन्दा बढी व्यक्ति आबद्ध छन्, जसमा उल्लेखनीय सङ्ख्यामा महिला उद्यमी रहेका छन्। यसले घरेलु तथा साना उद्योग आर्थिक गतिविधिको माध्यम मात्र नभई समावेशी विकासको आधारसमेत भएको पुष्टि गर्छ।

घरेलु तथा साना उद्योगले नेपालको कुल गार्हस्थ्य उत्पादन, रोजगारी र निर्यातमा पनि उल्लेखनीय योगदान दिएका छन्। हस्तकला क्षेत्रबाट मात्र वार्षिक अर्बौं रुपैयाँ बराबरको निर्यात हुने गरेको छ भने आन्तरिक बजारमा पनि यसको ठूलो कारोबार रहेको छ। विदेशी पर्यटकहरूले नेपाली हस्तकला, ढाका, मूर्तिकला तथा अन्य स्थानीय उत्पादन उपहारका रूपमा खरिद गर्ने भएकाले विदेशी मुद्रा आर्जनमा समेत यस क्षेत्रको योगदान उल्लेखनीय छ। नेपालको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको करिब पाँच प्रतिशत योगदान रहेकामा घरेलु तथा साना उद्योगको हिस्सा झण्डै ९० प्रतिशत रहेको छ। विकसित राष्ट्रहरूको अनुभवले पनि घरेलु तथा साना उद्योगको महत्व स्पष्ट पार्छ। उदाहरणका रूपमा जापानको औद्योगिक विकासमा करिब ९३ प्रतिशत योगदान घरेलु तथा साना उद्योग क्षेत्रको रहेको मानिन्छ। यसले नेपालजस्तो मुलुकमा पनि घरेलु उद्योगलाई आर्थिक विकासको मुख्य आधार बनाउन सकिने सम्भावना देखाउँछ।

**चुनौतीको घेरा**

यद्यपि वर्तमान अवस्थामा घरेलु तथा साना उद्योग अनेक समस्याबाट ग्रसित छन्। सबैभन्दा ठूलो समस्या पर्याप्त पुँजीको अभाव हो। अधिकांश उद्यमीले बैंक तथा वित्तीय संस्थाबाट सहज रूपमा ऋण प्राप्त गर्न सक्दैनन्। धितोको अभाव, जटिल प्रक्रिया, उच्च ब्याजदर र कठोर ऋण मापदण्डका कारण धेरै उद्योगी आवश्यक लगानी जुटाउन असफल भइरहेका छन्। सरकारले सहुलियतपूर्ण कर्जाको व्यवस्था गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन। महिला उद्यमशीलताबापत प्रदान गरिने सहुलियत पनि अहिले रोकिएको अवस्था छ। यसले गर्दा नयाँ घरेलु तथा साना उद्योग स्थापना हुन त परै जाओस्, भएकाहरू पनि सीमित उत्पादनमै छन् भने कतिपय उद्योग बन्द हुने अवस्थामा पुगेका छन्।

प्रविधिको अभाव अर्को प्रमुख चुनौती हो। अधिकांश घरेलु उद्योग अझै परम्परागत उपकरण र उत्पादन प्रणालीमा निर्भर छन्। आधुनिक मेसिन, गुणस्तर परीक्षण, अनुसन्धान तथा नवीन प्रविधिको प्रयोगमा लगानी कम भएकाले उत्पादनको गुणस्तर, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता कमजोर बनेको छ। विश्व बजारमा नयाँ प्रविधि तीव्र रूपमा विकास भइरहे पनि नेपाली उद्यमी त्यसबारे पर्याप्त जानकारी र पहुँचबाट वञ्चित छन्। सरकारी तालिम केन्द्रहरूमा पनि समयअनुकूल पाठ्यक्रम र आधुनिक प्रविधिसम्बन्धी ज्ञानको अभाव देखिन्छ। यसले उद्योगहरूको दीर्घकालीन विकासमा नकारात्मक प्रभाव पारेको छ।

बजार व्यवस्थापन तथा आयातित वस्तुसँगको असमान प्रतिस्पर्धा पनि गम्भीर समस्या हो। विदेशी उत्पादन ठूलो परिमाणमा कम मूल्यमा नेपाली बजारमा भित्रिँदा स्वदेशी उद्योगका उत्पादन बिक्री गर्न कठिन भइरहेको छ। नेपाली उत्पादनको गुणस्तर राम्रो भए पनि ब्रान्डिङ, प्याकेजिङ, विज्ञापन र बजार विस्तारको कमजोरीका कारण तिनले उचित बजार पाउन सकेका छैनन्। उपभोक्तामा विदेशी वस्तुप्रतिको आकर्षण बढ्दै जाँदा स्थानीय उत्पादन थप दबाबमा परेका छन्। यसले उद्योगको उत्पादन, आम्दानी र रोजगारीमा प्रत्यक्ष असर पारेको छ।

नीतिगत अस्थिरता र प्रशासनिक झन्झट पनि घरेलु उद्योगको विकासमा बाधक बनेका छन्। सरकार परिवर्तनसँगै उद्योगसम्बन्धी नीति र कार्यक्रम परिवर्तन हुने प्रवृत्तिले लगानीकर्तामा अन्योल सिर्जना गरेको छ। उद्योग दर्ता, नवीकरण, कर प्रशासन तथा विभिन्न अनुमति प्रक्रियाहरू अझै पनि जटिल र समयखर्ची छन्। विभिन्न सरकारी निकायबीच समन्वयको अभावले उद्योग सञ्चालन झन् कठिन बनेको छ। जडीबुटी, वन पैदावार वा प्रस्तर उद्योग सञ्चालनका लागि आवश्यक अनुमति लिन धेरै निकाय धाउनुपर्ने अवस्थाले उद्यमशीलतालाई निरुत्साहित गरेको छ। दक्ष जनशक्तिको अभाव पनि घरेलु तथा साना उद्योगको अर्को चुनौती हो। रोजगारीको खोजीमा युवा ठूलो सङ्ख्यामा वैदेशिक रोजगारीमा जानुका कारण उद्योगलाई आवश्यक प्राविधिक तथा दक्ष श्रमिकको अभाव हुँदै गएको छ। सरकारले सीप विकास तालिम सञ्चालन गरे पनि ती तालिम आधुनिक प्रविधि र बजारको मागअनुसार अद्यावधिक हुन सकेका छैनन्। यसले उद्योगमा नवप्रवर्तन, उत्पादन क्षमता र प्रतिस्पर्धात्मकता बढाउन कठिनाइ उत्पन्न गरेको छ।

कोभिड-१९ महामारी, प्राकृतिक विपत्ति तथा आर्थिक मन्दीले पनि घरेलु उद्योगलाई ठूलो क्षति पुर्‍याएको थियो। हजारौं उद्योग लामो समय बन्द भए, कच्चा पदार्थको मूल्य बढ्यो, यातायात खर्च महँगियो

बाँकी अन्तिम पृष्ठमा

## बिजक लिने ...

कार्यक्रममा समावेश हुनेछन्। भुक्तानी सेवा प्रदायकमार्फत गरिएको विद्युतीय भुक्तानीबाट भएका योग्य खरिद भने स्वतः कार्यक्रममा समावेश हुनेछन्।

नगद वा अन्य माध्यमबाट खरिद गरेका उपभोक्ताले कार्यक्रममा सहभागी हुन चाहेमा बिजक जारी भएको निर्धारित अवधिभित्र विभागको प्रणालीमा बिजक नम्बर, विक्रेताको स्थायी लेखा नम्बर, बिजक जारी मिति, कूल रकम, भुक्तानीको प्रकार, खरिदकर्ताको नाम तथा मोबाइल नम्बर प्रविष्ट गर्नुपर्नेछ। प्रणालीले स्वचालित रूपमा विवरण प्रमाणीकरण गरेपछि योग्य बिजक कार्यक्रमका लागि मान्य हुने कार्यविधिमा उल्लेख छ।

कार्यविधिले केही प्रकारका बिजकलाई भने कार्यक्रममा सहभागी हुन अयोग्य ठहर गरेको छ। व्यावसायिक प्रयोजनका खरिद, सरकारी निकाय वा सार्वजनिक संस्थाका नाममा जारी भएका बिजक, टेलिफोन, इन्टरनेट, विद्युत्, सवारी तथा ढुवानीका साधन, हवाई टिकट खरिदसम्बन्धी बिजक तथा स्थायी लेखा नम्बर (प्यान) नलिएका व्यक्तिबाट खरिद गरिएका बिजक कार्यक्रममा समावेश गरिने छैनन्। एउटै बिजक वा एउटै विद्युतीय भुक्तानीका आधारमा एकभन्दा बढी पटक सहभागी हुन पनि पाइने छैन।

विजेता छनोटका लागि विभागले हरेक महिनाको १ गते र १६ गते स्वचालित प्रणालीमार्फत 'ड्र' गर्नेछ। पहिलो चरणमा अघिल्लो महिनाको १६ गतेदेखि मसान्तसम्मका कारोबार र दोस्रो चरणमा सोही महिनाको १ गतेदेखि १५ गतेसम्मका कारोबारका आधारमा सहभागीमध्येबाट विजेता चयन गरिनेछ।

कार्यविधिअनुसार प्रत्येक दिन एक जना विजेता तथा हरेक १५ दिनमा एक जना बम्पर विजेता छनोट गरिनेछ। विजेता छनोटका क्रममा उच्चपदस्थ व्यक्ति, विभिन्न निकायका प्रतिनिधि तथा सञ्चारकर्मीलाई समेत आमन्त्रण गर्न सकिने व्यवस्था गरिएको छ। विजेतालाई मोबाइल नम्बर र इमेलमार्फत जानकारी गराइनेछ भने विभागको वेबसाइट तथा सामाजिक सञ्जालमार्फत नाम सार्वजनिक गरिनेछ।

दैनिक विजेताले रु एक लाख ३३ हजार ३३४ बराबर उपहार प्राप्त गर्नेछन् भने पाक्षिक बम्पर विजेताले रु १० लाख प्राप्त गर्ने व्यवस्था कार्यविधिमा गरिएको छ। उपहार रकम वितरण गर्दा आयकर ऐन, २०५८ अनुसार आकस्मिक लाभमा लाग्ने २५ प्रतिशत कर कट्टी गरिनेछ।

उपहार प्राप्त गर्न विजेताले घोषणा भएको मितिले १५ दिनभित्र सक्कल बिजक, नागरिकता वा अन्य आधिकारिक परिचयपत्र, बैंक खाताको विवरण तथा स्थायी लेखा नम्बर सहित नजिकको आन्तरिक राजस्व कार्यालयमा आफैं वा वारेसमार्फत निवेदन दिनुपर्नेछ। कार्यालयले पेस भएका कागजात १० दिनभित्र परीक्षण गरी विभागमार्फत विजेताको बैंक खातामा उपहार रकम सोझै जम्मा गर्नेछ।

यदि पेस गरिएका कागजात झुट्टा, नक्कली वा किर्ते प्रमाणित भएमा सम्बन्धित व्यक्तिविरुद्ध प्रचलित कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइने व्यवस्था कार्यविधिमा गरिएको छ।

त्यस्तै, तोकिएको १५ दिनभित्र आवश्यक कागजातसहित उपहार दाबी गर्न नआएमा त्यस्तो उपहार रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने कार्यविधिमा उल्लेख छ।

सरकारले यो कार्यक्रमलाई कर प्रणालीमा स्वेच्छिक सहभागिता बढाउने, उपभोक्तालाई बिजक लिन अभिप्रेरित गर्ने, विद्युतीय भुक्तानी विस्तार गर्ने तथा राजस्व चुहावट नियन्त्रणका लागि महत्त्वपूर्ण कदमका रूपमा अघि बढाएको जनाएको छ।

## विश्व समाचार

### भारतमा शिक्षामन्त्रीविरुद्ध आन्दोलन जारी

नयाँदिल्ली, ५ साउन (रासस/एएफपी)।

भारतमा परीक्षा प्रणाली सुधार र शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामाको माग गर्दै उत्रिएको 'कक्रोच जनता पार्टी' (सीजेपी) आन्दोलनले सरकार माग पूरा नभएसम्म आन्दोलन नरोकिने घोषणा गरेको छ। नयाँदिल्लीमा सोमबार भएको विशाल प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा कम्तीमा १७८ जना घाइते भएपछि आन्दोलन थप चर्किएको हो।

सीजेपीले सामाजिक सञ्जालमार्फत आन्दोलनलाई निरन्तर अघि बढाइने जनाएको छ। आन्दोलनका प्रमुख आशुतोष रञ्जाले शिक्षामन्त्री प्रधानलाई पदबाट हटाउनुपर्ने माग दोहोर्‍याउँदै सरकार मौन बसेसम्म आन्दोलन जारी रहने बताउनुभयो।

मङ्गलबार पनि सयौं प्रदर्शनकारी राजधानीको जन्तर-मन्तर क्षेत्रमा धर्नामा बसेका छन्। उनीहरूले शिक्षामन्त्रीको राजीनामासँगै परीक्षा प्रणालीमा व्यापक सुधार गर्नुपर्ने माग राखिरहेका छन्।

सोमबार हजारौं प्रदर्शनकारी संसद्तर्फ मार्च गर्न खोजेपछि प्रहरीले उनीहरूलाई रोक्न अश्रुग्यास प्रहार गर्नुका साथै लाठीचार्ज गरेको थियो। दिल्ली प्रहरीले प्रदर्शनकारी र सुरक्षाकर्मीबीच भएको झडपमा कम्तीमा १७८ जना घाइते भएको जनाएको छ। तीमध्ये वरिष्ठ अधिकारीहरूसहित ११८ जना प्रहरी कर्मचारी पनि छन्।

प्रहरीले प्रदर्शनकारीको भीडलाई 'अनियन्त्रित, आक्रामक र हिंसात्मक' भएको आरोप लगाएको छ। साथै झडपका क्रममा करिब ६० जना प्रदर्शनकारी पनि घाइते भएको जनाएको छ।

यद्यपि आन्दोलनका आयोजकहरूले प्रहरीको बल प्रयोगको कडा आलोचना गरेका छन्। आशुतोष रञ्जाले वास्तविक मुद्दा उठाउन आएका विद्यार्थीमाथि प्रहरीले क्रूरतापूर्वक दमन गरेको आरोप लगाउँदै यसलाई भारतीय लोकतन्त्रका लागि लज्जास्पद घटना भन्नुभयो।

उहाँले सोमबार वरिष्ठ मन्त्री जे.पी. नड्डासँग भेटवार्ता गरे पनि सरकारले आन्दोलनकारीका मागबारे कुनै ठोस प्रतिक्रिया नदिएको बताउनुभयो।

मे महिनामा सुरु भएको सीजेपी आन्दोलनले छोटो अवधिमै सामाजिक सञ्जालमा लाखौं समर्थक जुटाएको छ। विश्लेषकहरूले यसलाई प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२४ मा तेस्रो कार्यकाल सुरु गरेयताको प्रमुख जनदबाबमध्ये एक मानेका छन्।

भारतमा पछिल्ला महिनाहरूमा सार्वजनिक परीक्षा प्रणालीसँग सम्बन्धित घोटालाहरू सार्वजनिक भएपछि विद्यार्थीको असन्तुष्टि बढ्दै गएको छ। गत महिना करिब २२ लाख मेडिकल विद्यार्थीले सुरक्षा व्यवस्थाबीच पुनः परीक्षा दिएका थिए। त्यसअघि करिब २० लाख माध्यमिक तहका विद्यार्थीको परीक्षाको अनलाइन मूल्याङ्कन प्रणालीसँग सम्बन्धित अर्को विवाद पनि सार्वजनिक भएको थियो।

तीव्र आर्थिक वृद्धिका बाबजुद स्थायी र राम्रो रोजगारीको अभाव तथा बारम्बार देखिएका परीक्षा अनियमितताले युवामा सरकारप्रतिको असन्तुष्टि बढाउँदै लगेको विश्लेषण गरिएको छ।

### भारतमा पहिलो डेङ्गु खोप स्वीकृत

नयाँदिल्ली, ५ साउन (रासस/एएफपी)।

भारतले डेङ्गु नियन्त्रणका लागि पहिलोपटक खोप प्रयोगको अनुमति दिएको छ। स्वास्थ्य मन्त्रालयले जापानी औषधि कम्पनी टाकेडाले विकास गरेको 'क्युडेङ्गा' खोपलाई चारदेखि ६० वर्ष उमेर समूहका व्यक्तिमा प्रयोग गर्न स्वीकृति दिएको जनाएको छ। जलवायु परिवर्तन, तीव्र सहरीकरण र बढ्दो तापक्रमका कारण डेङ्गुको जोखिम बढिरहेका बेला यो निर्णयलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

भारतको केन्द्रीय औषधि मानक नियन्त्रण सङ्गठन (सीडीएससीओ)ले खोपको गुणस्तर, सुरक्षा र प्रभावकारिताको विस्तृत मूल्याङ्कनपछि स्वीकृति प्रदान गरेको हो। मन्त्रालयका अनुसार उक्त खोप चारदेखि ६० वर्ष उमेर समूहका व्यक्तिमा डेङ्गु रोगको रोकथामका लागि प्रयोग गरिनेछ।

'क्युडेङ्गा' खोप दुई मात्रा (डोज)मा दिइनेछ। यसमा दोस्रो मात्रा पहिलो खोप लगाएको तीन महिनापछि लगाइने व्यवस्था छ। टाकेडाले भारतमा खोपको उत्पादन र आपूर्ति विस्तार गर्न भारतीय कम्पनी बायोलोजिकल ईसँग सहकार्य गरिरहेको जनाएको छ।

मन्त्रालयका अनुसार उक्त खोपले डेङ्गु भाइरसका सबै चार प्रकार (सेरोटाइप) विरुद्ध सुरक्षा प्रदान गर्छ। यो खोप युरोपेली सङ्घ (इयु), बेलायत, स्विट्जरल्यान्ड, इन्डोनेसियासहित ४२ देशमा प्रयोगका लागि स्वीकृत भइसकेको छ। साथै यसले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को पूर्वयोग्यता (प्रि-क्वालिफिकेसन) पनि प्राप्त गरेको छ। हालसम्म विश्वभर दुई करोड ४० लाखभन्दा बढी मात्रा वितरण भइसकेको र यसको प्रयोगका क्रममा कुनै गम्भीर सुरक्षा समस्या नदेखिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

डब्लुएचओका अनुसार विश्वको करिब आधा जनसङ्ख्या डेङ्गुको जोखिममा छ। प्रत्येक वर्ष विश्वभर अनुमानित १० करोडदेखि ४० करोडसम्म मानिस डेङ्गुबाट सङ्क्रमित हुने गरेका छन्। पछिल्ला वर्षहरूमा जलवायु परिवर्तन, मौसमको बदलिँदो स्वरूप र तीव्र सहरीकरणका कारण डेङ्गुको सङ्क्रमण उल्लेखनीय रूपमा बढेको छ। भारतको पछिल्लो आधिकारिक तथ्याङ्कअनुसार सन् २०२१ यता देशमा १० लाखभन्दा बढी डेङ्गु सङ्क्रमण पुष्टि भएका छन् भने कम्तीमा एक हजार ५०० जनाको मृत्यु भएको छ।

यसैबीच भारतमै विकास भइरहेको पानासिया बायोटेकको 'डेन्गीअल' नामक डेङ्गु खोप अन्तिम चरणको क्लिनिकल परीक्षणमा पुगेको छ। स्वीकृति प्राप्त गरेपछि यो विश्वकै पहिलो एकल मात्रा (सिङ्गल डोज) डेङ्गु खोपमध्ये एक बन्न सक्ने अपेक्षा गरिएको छ।

# सिरहा ट्राफिकद्वारा एक करोड बढी राजस्व संकलन

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ५ साउन ।**
जिल्ला ट्राफिक प्रहरी कार्यालय सिरहाले गत आर्थिक वर्ष २०८२/८३ मा एक करोड १४ लाख ३६ हजार राजस्व सङ्कलन गरेको छ ।

सो अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने १३ हजार ४१६ सवारी कारवाहीबाट रु एक करोड १४ लाख ३६ हजार राजस्व सङ्कलन भएको कार्यालय प्रमुख प्रहरी निरीक्षक नवीन मरासिनीले जानकारी दिएका छन् ।

आव २०८१/८२ मा ३२ हजार १५७ सवारी चालकमाथि गरिएको कारवाहीबाट रु दुई करोड ५१ लाख १९ हजार ५०२ राजस्व सङ्कलन गरेको थियो ।

त्यस अवधिमा सिरहा जिल्लामा आव २०८२/८३ मा भएको एक हजार २० सवारी दुर्घटना भएका थिए । ती दुर्घटनमा परी ६२ पुरुष, सात महिला र १२ जना बालबालिकाको मृत्यु भएको थियो भने एक हजार ६७६ जना घाइते भए ।

अघिल्लो आव २०८१/८२ मा सिरहामा ९६७ सवारी दुर्घटना हुँदा ६४ पुरुष, १४ महिला र ११ बालबालिकाको मृत्यु भएको थियो । ती घटनामा एक हजार ५५४ घाइते भएका थिए ।

सडक अवस्था, मानवीय लापरवाहीलगायतका कारण सवारी दुर्घटना केही बढे पनि विगतका तुलनामा दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या त्यस आर्थिक बर्षमा घटेको प्रहरी निरीक्षक मरासिनीले बताए ।

पछिल्लो वर्षमा ट्राफिक सचेतना र नियमित जाँचका कारण सवारी दुर्घटनामा कमी आएको विश्वास गरिएको छ ।

# कर्मचारीको आन्तरिक मिलान गर्ने सरकारको निर्णय

काठमाडौँ, ५ साउन (रासस) ।
सरकारले नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणअनुसार स्वीकृत दरबन्दीमा रहने बिद्यमान कर्मचारीको आन्तरिक मिलान गर्ने भएको छ । मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा सोमबार बसेको सचिवस्तरीय बैठकले स्वीकृत दरबन्दीमा रहने बिद्यमान कर्मचारीको आन्तरिक मिलान गर्ने निर्णय गरेको हो ।

यसरी मिलान गर्दा बढीहुने (फजुल) कर्मचारीलाई भूमि व्यवस्थापन, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशान मन्त्रालयले सङ्घीय कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी ती निकायले रिक्त स्थानमा कामकाजमा खटाउने व्यवस्था मिलाइने र यसले कर्मचारीलाई कामविहीन हुने अवस्था आउन नदिने निर्णयमा उल्लेख छ ।

निर्णयमा समावेश भएअनुसार नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुरुप सङ्घीय सरकारका विभिन्न दरबन्दी घट्दा फजुलमा रहने कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकाले चालु आर्थिक वर्षमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको स्वीकृतिविना सरकारका कुनै पनि कार्यालयले स्थायी पदपूर्ति नगराउने उल्लेख गर्दै स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने/नगराउने भनिएको छ ।

मुख्यसचिव कार्कीसहित सचिवस्तरीय बैठकले गरेका निर्णयमा मन्त्रालय, विभाग तथा कार्यालय प्रमुखसँग वार्षिक कार्यसम्पादन सम्झौता गर्ने उल्लेख छ । यसैगरी सेवा, प्रवाह, विकास आयोजना कार्यान्वयन, बजेट खर्च, गुनासो व्यवस्थापन र नागरिक सन्तुष्टिलाई प्रमुख कार्यसम्पादन सूचकका रूपमा समावेश गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने निर्णय भएको मुख्यसचिव कार्कीद्वारा हस्ताक्षरित निर्णयमा उल्लेख छ ।

साथै, सबै कर्मचारीलाई अनुसाशित, नैतिक र सदाचारयुक्त बनाउन विद्यमान कानुन बमोजिमको आचरण पालनामा जोड दिँदै राष्ट्रिय सदाचार नीति, २०८३ को प्रभावकारी कार्यान्वयन गर्ने निर्णय सोमबारको बैठकले गरेको छ ।

# स्थानीय तहसम्बन्धी गुनासा मुख्यसचिवबाट सम्बोधन गरिने

काठमाडौँ, ५ साउन (रासस) ।
'हेलो सरकार'मा प्राप्त हुने स्थानीय तहसम्बन्धी जनगुनासा मुख्यसचिवमार्फत सम्बोधन हुने भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता हेमराज अर्यालले जारी गर्नुभएको विज्ञप्तिमा त्यसप्रकारका गुनासा मुख्यसचिवमार्फत प्रभावकारी रुपमा सम्बोधन हुने व्यवस्था मिलाइएको जनाइएको छ ।

"स्थानीय तहमा हुने सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती, ठेक्का पट्टा र निर्माण कार्यमा अनियमितता भ्रष्टाचार र बेथितिलगायतका गुनासोहरु हेलो सरकारको पोर्टल तथा सुनुवाइका विभिन्न पोर्टलमार्फत प्राप्त भइरहेकाले उल्लेखित गुनासोहरु नेपाल सरकारका मुख्य सचिवमार्फत प्रभावकारी रुपमा सम्बोधन हुने व्यवस्था मिलाइएको छ", विज्ञप्तिमा भनिएको छ ।

# थप छानबिनका लागि टेलिभिजनको स्याटेलाइट ब्याण्डविथ खरिद अध्ययन प्रतिवेदन प्रधानमन्त्री कार्यालय र अख्तियारमा

काठमाडौँ, ५ साउन (रासस) ।
सूचना तथा सञ्चार मन्त्रालयले नेपाल टेलिभिजनको स्याटेलाइट ब्याण्डविथ भाडा खरिदसम्बन्धी अध्ययन समितिले तयार पारेको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाएको छ ।

मन्त्रालयले मङ्गलबार प्रतिवेदन दुवै निकायमा पठाउँदै आवश्यक अध्ययन, थप छानबिन तथा कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अघि बढाउन अनुरोध गरेको हो । नेपाल टेलिभिजनले सन् २००२ देखि २०२२ सम्म खरिद तथा भाडा सम्झौता गरेका स्याटेलाइट ब्याण्डविथ बारे छानबिन गर्न गठित अध्ययन समितिले २०८३ साउन १ गते सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासमक्ष प्रतिवेदन बुझाएको थियो । सो प्रतिवेदन थप प्रक्रियाका लागि प्रधानमन्त्री कार्यालय र अख्तियारमा पठाइएको हो ।

अध्ययन समितिले नेपाल टेलिभिजनले सन् २००२ देखि विदेशी सेवा प्रदायक कम्पनीहरूसँग गर्दै आएको स्याटेलाइट ब्याण्डविथ भाडा सम्झौता, त्यसका विभिन्न पूरक सम्झौता, च्यानल विस्तार, स्ट्यान्डर्ड डेफिनेसन (एसडी) बाट हाई डेफिनेसन (एचडी) मा स्तरोन्नति तथा उपकरण खरिदसम्बन्धी सम्पूर्ण प्रक्रियाको अध्ययन गरेको थियो । उक्त प्रतिवेदनले विभिन्न अवधिमा भएका खरिद तथा सम्झौतामा कानुनविपरीत कार्य, प्रक्रियागत कमजोरी, वित्तीय अनुशासन उल्लङ्घन तथा संस्थालाई आर्थिक हानि पुग्ने प्रकृतिका गम्भीर कैफियत फेला परेको निष्कर्ष निकालेको छ ।

मन्त्रालयले स्याटेलाइट ब्याण्डविथ खरिदसम्बन्धी विभिन्न निकायमा परेका उजुरी, महालेखापरीक्षकको कार्यालयका प्रतिवेदन तथा सार्वजनिक सरोकारका विषयलाई आधार बनाएर गत जेठ २१ गते अध्ययन समिति गठन गरेको थियो । समितिले बुझाएको प्रतिवेदनमा विभिन्न अवधिमा भएका खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्थाको उल्लङ्घन भएको उल्लेख गर्दै त्यसबाट करिब रु २० करोड ६१ लाख ७३ हजार ४६९ बराबरको हानी नोक्सानी पुगेको अध्ययन समितिको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार स्याटेलाइट ब्याण्डविथ खरिदका क्रममा प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन नगरी पुरानै दररेटमा पटक-पटक सम्झौताको म्याद थपिएको, सेवा सुरु हुनुअघि नै भुक्तानी गरिएको, सेवा सञ्चालनपछि बढी रकमको बिल भुक्तानी गरिएको तथा लागत अनुमान अस्वाभाविक रूपमा बढाएर आवश्यकताभन्दा बढी ब्याण्डविथ खरिद गरिएको पाइएको छ । त्यसैगरी सन् २०१२ मा प्राविधिक रूपमा अयोग्य ठहरिएको बोलपत्रदातालाई नै सेवा खरिदका लागि छनोट गरिएको तथा प्रयोगमा रहेको स्याटेलाइटको आयु समाप्त हुन लाग्दा पनि सोही सेवा प्रदायकसँग थप ब्याण्डविथ खरिद गर्ने निर्णय गरिएको विषयलाई समेत समितिले गम्भीर कमजोरीका रूपमा औँल्याएको छ ।

अध्ययनले भुक्तानी प्रक्रियामा नेपाल सरकारको राजस्व खातामा जम्मा हुनुपर्ने कर तथा अन्य राजस्व दायित्वसमेत पूर्णरूपमा पालना नभएको उल्लेख गरेको छ । यसले वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण प्रणाली तथा राजस्व व्यवस्थापनमा गम्भीर कमजोरी देखिएको समितिको निष्कर्ष छ ।

प्रतिवेदनमा सन् २०१२ को मूल सम्झौतादेखि त्यसपछिका पूरक सम्झौतासम्म संलग्न उच्च व्यवस्थापन र सञ्चालक समितिका पदाधिकारीले संस्थाको हितविपरीत निर्णय गरेको देखिएको उल्लेख गरिएको छ । उनीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल टेलिभिजनलाई आर्थिक तथा संस्थागत हानि पुग्ने गरी निर्णय गरेको भन्दै सम्बन्धित व्यक्तिमाथि कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अघि बढाउन सिफारिस गरिएको छ ।

नेपाल टेलिभिजनको सञ्चालक समितिको निर्णय प्रक्रियामा देखिएको कमजोरीका कारण सन् २०२२ जुन ६ मा नेपाल टेलिभिजनका सबै च्यानल करिब आधा घण्टा प्रसारण अवरुद्ध भएको घटनालाई पनि प्रतिवेदनमा समेटेको छ । त्यस्तै, सञ्चालक समितिका पदाधिकारीलाई संस्थाभित्रका उच्च व्यवस्थापनबाट यथार्थपरक सूचना उपलब्ध नगराइएको तथा मन्त्रालय र नेपाल टेलिभिजनका प्राविधिक कर्मचारीले आफ्नो विज्ञता र जिम्मेवारीअनुसार प्रभावकारी भूमिका निर्वाह नगरेको उल्लेख गरिएको छ । लागत अनुमान तयार गर्ने क्रममा देखिएको लापरबाही तथा अस्वाभाविक निर्णयका कारण संस्थामा अनावश्यक आर्थिक भार परेको निष्कर्ष प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल टेलिभिजनले आफ्ना च्यानल भू-उपग्रहमार्फत प्रसारण गर्न सन् २००२ देखि विदेशी स्याटेलाइट ब्याण्डविथ सेवा प्रदायक कम्पनीसँग निरन्तर रूपमा भाडा सम्झौता गर्दै आएको छ । यस अवधिमा च्यानल विस्तार, प्रसारण प्रविधिको स्तरोन्नति, पूरक सम्झौता तथा उपकरण खरिदसम्बन्धी निर्णयहरूमा पटक-पटक प्रश्न उठ्दै आएका थिए । अध्ययन समितिले प्रतिस्पर्धाविनाको खरिद, प्रक्रियागत अनियमितता, वित्तीय अनुशासन उल्लङ्घन, अनावश्यक आर्थिक भार तथा स्वार्थको द्वन्द्वजस्ता विषय देखिएको निष्कर्ष निकाल्दै सम्बन्धित व्यक्तिमाथि प्रचलित कानुनअनुसार आवश्यक कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ ।

अब उक्त प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पुगेसँगै त्यसका आधारमा थप अध्ययन, छानबिन तथा कानुनी प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको छ ।

### आत्मनिर्भर अर्थतन्त्रको...

र उपभोक्ताको क्रयशक्ति घट्यो । महामारीपछि पनि धेरै उद्योग पूर्ण रूपमा पुनःस्थापित हुनसकेका छैनन् । यसले साना उद्योग सङ्कटप्रति अत्यन्त संवेदनशील हुने भएकाले यिनका लागि विशेष राहत, बीमा तथा संरक्षण संयन्त्र आवश्यक रहेको स्पष्ट पारेको छ । सरकारले २०७१ सालमा ल्याएको स्वदेशी वस्तु खरिद निर्देशिकामा स्वदेशी उत्पादन १५ प्रतिशत महँगो भए पनि खरिद गर्नुपर्ने भनिए पनि तीनै तहका सरकारहरूले आफू मातहतका निकायहरूमा यसलाई अनिवार्य नगर्दा विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन भएको छ ।

नेपालमा कृषि, जडीबुटी, वन पैदावार, पर्यटन, हस्तकला, ढाका, अल्लो, बहुमूल्य पत्थर तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग विस्तार गर्ने प्रशस्त अवसर छन् । वर्तमान सरकारले सूचना प्रविधिमा जोड दिएअनुसार उद्यमीहरूलाई डिजिटल प्रविधि, सामाजिक सञ्जाल, ई-कमर्स तथा अनलाइन बजारतर्फ अभिमुखीकरण गर्नुपर्नेछ । यसबाट गुणस्तरीय उत्पादन, आधुनिक प्याकेजिङ, प्रभावकारी ब्रान्डिङ र निर्यात प्रवर्द्धनमार्फत नेपाली उत्पादनलाई विश्व बजारमा स्थापित गर्न सकिने सम्भावना बलियो छ ।

**समाधानको बाटो**

घरेलु तथा साना उद्योगको विकासका लागि सरकार, निजी क्षेत्र, वित्तीय संस्था र उपभोक्ताबीच प्रभावकारी सहकार्य आवश्यक छ । सरकारले उद्योगमैत्री नीति, कर सहुलियत, सहुलियतपूर्ण कर्जा, सरल प्रशासनिक प्रक्रिया, आधुनिक प्रविधि हस्तान्तरण, अनुसन्धान तथा सीप विकास कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । बैंक तथा वित्तीय संस्थाले धितोमा मात्र आधारित नभई व्यवसायको सम्भाव्यता मूल्याङ्कन गरी सहज ऋण उपलब्ध गराउनुपर्छ । निजी क्षेत्रले बजार विस्तार, प्रविधि हस्तान्तरण र व्यवस्थापन सुधारमा सहकार्य गर्नुपर्छ भने उपभोक्ताले स्वदेशी उत्पादनप्रति विश्वास र प्राथमिकता दिनुपर्छ । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने राष्ट्रिय नीति बन्नसके मात्र घरेलु उद्योगले दीर्घकालीन संरक्षण र प्रोत्साहन पाउनेछन् ।

घरेलु तथा साना उद्योग नेपालको आत्मनिर्भर अर्थतन्त्र निर्माण, दिगो विकास, रोजगारी विस्तार र समावेशी समृद्धिका आधारस्तम्भ हुन् । सरकारको सात प्रतिशतले आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य पूरा गर्न पनि यी उद्योगको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ । कतिपय घरेलु तथा साना उद्योगहरूबाट उत्पादित सामान विदेशमा पनि निर्यात हुने गर्दछ तर विगत दुई वर्षदेखि त्यस्त सामग्रीहरूमा उपलब्ध अनुदानलगायतका सहुलियत रोकिएको अवस्था छ । कसर प्रणालीमा पनि घरेलु तथा साना उद्योगलाई विशेष संरक्षणको खाँच पर्दछ । त्यसैले घोषणामुखी कार्यक्रमभन्दा कार्यान्वयनमुखी नीति, आधुनिक प्रविधि, सहज वित्तीय पहुँच, दक्ष जनशक्ति विकास, बजार प्रवर्द्धन र स्वदेशी उत्पादनप्रतिको सकारात्मक उपभोक्ता संस्कारलाई प्राथमिकता दिन आवश्यक छ । घरेलु तथा साना उद्योगलाई विकासको केन्द्रमा राख्नसके गाउँमा रोजगारी बढ्ने, आयातमा निर्भरता घट्ने, स्थानीय स्रोत-साधनको अधिकतम् उपयोग हुने र नेपालको अर्थतन्त्र आत्मनिर्भरताको दिशामा सुदृढ रूपमा अघि बढ्नेछ । (प्रस्तुत विचार नेपाल घरेलु तथा साना उद्योग महासङ्घका अध्यक्ष गुरुङसँग राससले गरेको कुराकानीमा आधारित)

# पूर्वसहमति नलिइ सवारीसाधन खरिद गर्न नपाइने

काठमाडौँ, ५ साउन (रासस) ।
विनियोजित बजेटबाट नयाँ चारपाङ्ग्रे सवारीसाधन खरिद गर्नुपर्ने भएमा अनिवार्य रुपमा अर्थ मन्त्रालयसँग पूर्वसहमति लिनुपर्ने व्यवस्था गरिएको छ ।

अर्थमन्त्रालयले सोमबार जारी गरेको 'चालु आवको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनमा' पूर्वसहमति नलिइ कुनै पनि सवारीसाधन खरिद गर्न पाइने छैन । वैदेशिक भ्रमणका लागि पनि अनिवार्य रुपमा मन्त्रालयको पूर्वसहमति लिनुपर्नेछ ।

सरकारी स्वामित्वको भवन उपलब्ध नभएको अवस्थामा मात्र मुख्य व्यापारिक केन्द्र वा प्रमुख मार्गभन्दा बाहिर रहेका न्यूनतम पूर्वाधार र सुविधाका घर मात्रै भाडामा लिनुपर्नेछ ।

कार्यालयको कार्य सम्पादनजका लागि सरकारी निकायले खाली रहेका सरकारी भवनलाई प्राथमिकतामा साथ उपयोग गर्नुपर्नेछ । भाडामा लिने घर पूर्ण रुपमा सरकारी प्रयोजनमा मात्र प्रयोग हुने व्यवस्था मिलाउनुपर्ने मार्गदर्शनमा उल्लेख छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*